वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५१ २०८३ जेठ २८ गते विहीबार, नेपाल सम्वत् ११४६ June 11, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## सुरू भयो रोपाई

लमजुङको मध्यनेपाल नगरपालिका-६, कालीरहस्थित खेतमा रोपाँइ गर्न धानको बीउ काढ्दै किसान । पहाडी क्षेत्रमा दैनिकजसो हुँदै आएको वर्षाले पानीका मुल फुटेसंगै किसानहरूले धान रोपाई गर्न थालेका छन् ।

*तस्बिरः देवेन्द्र गुरुङ/रासस*

# सगरमाथाको भविष्यप्रति आरोहीको बढ्दो चिन्ता

कृष्ण अधिकारी र अच्युत रेग्मी

विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविर वरपरको हिउँ र हिमनदी तीव्र गतिमा पग्लिरहेका देख्दा प्रसिद्ध आरोही फुर्वा तेञ्जिङ शेर्पाका आँखा चिसिने गर्दछन् । स्वदेशी तथा विदेशी आरोहीलाई सगरमाथाको शिखरमा पुर्‍याउँदै नाम र दाम कमाउने उहाँलाई यही गतिमा सगरमाथालगायत हिमालमा हिउँको तह घट्दै जाने हो भने भावी पुस्ताले हिमाल देख्नै नपाउने हुन् कि भन्ने चिन्ता पनि उहाँलाई छ ।

उहाँ भन्नुहुन्छ, "पहिले आधार शिविरबाट पाँच मिनेट हिँड्दा हिउँको ढिक्का भेटिन्थ्यो तर अहिले डेढ घण्टा हिँड्दा पनि हिउँ भेट्न गाह्रो छ, यसलाई जलवायु परिवर्तनको प्रत्यक्ष असर मान्न सकिन्छ ।" आरोहणका लागि विश्वभरबाट आउने पर्वतारोहीले अहिले सगरमाथाको बद्लिँदो स्वरूप प्रत्यक्ष रूपमा अनुभव गरिरहेको उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "विश्वको सर्वोच्च शिखर सगरमाथा केवल हिमाल मात्र होइन, साहस, चुनौती र प्राकृतिक सौन्दर्यको प्रतीक पनि भएकाले यसको संरक्षणमा जुट्नु सबैको सरोकारको विषय हो ।"

पृथ्वीको औसत तापक्रम बढ्दै जाँदा हिमाली क्षेत्रमा हिमनदीहरू पग्लिने गति बढ्नु, हिउँ पर्ने समय र मात्रा परिवर्तन हुनु तथा वर्षाको ढाँचा बद्लिनेक्रम तीव्र रूपमा देखिएको आरोहीहरूको भनाइ छ। हिमालय क्षेत्रलाई जलवायु परिवर्तनप्रति अत्यन्त संवेदनशील क्षेत्रका रूपमा लिने गरिन्छ । हिउँले ढाकिएको मार्गमा अहिले धेरै स्थानमा नाङ्गा चट्टान पार गर्नुपर्ने अवस्था आएको उहाँ सुनाउनुहुन्छ। एक समय बाक्लो हिउँले ढाकिएका क्षेत्रमा अहिले चट्टान र बरफका पुराना तहहरू देखिन थालेपछि कतिपय पर्वतारोही आगामी दिनमा नेपालमा आउने सम्भावना कम हुने हो कि भन्ने चिन्तामा फुर्वा देखिनुहुन्छ ।



दोलखाको रोल्वालिङमा सन् १९८८ मा जन्मनुभएका अनुभवी पर्वतारोही फुर्वा तेञ्जिङ शेर्पा १८ पटक विश्वको सर्वोच्च शिखर सगरमाथा चुचुरोमा पाइला राख्नुभएको छ । १४ वर्षको उमेरमा भरियाको कामबाट हिमाल जान थाल्नुभएका शेर्पा सन् २००७ मा पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो । उहाँले यसअघि मनास्लु, आबादब्लम लगायतका हिमालमा पाइला राखिसक्नुभएको छ । सगरमाथा क्षेत्रमा हिउँको कमी हुनु दृश्य परिवर्तनको विषय मात्र होइन; यसले आरोहणको जोखिम, हिमाली पारिस्थितिकी प्रणाली, जलस्रोत तथा स्थानीय समुदायको जीवनमा प्रभाव पार्न थालेको प्रत्यक्ष अनुभूति हुन थालेको छ । यही कारणले पछिल्ला वर्षमा हिउँबिनाको सगरमाथा हुने हो कि भन्ने चिन्ता बढेको छ ।

केही दशकअघिसम्म मौसम अपेक्षाकृत स्थिर रहँदै आएकामा अहिले भने मौसममा तीव्र उतारचढाव आउने गरेको छ । बिहान सामान्य देखिएको मौसम केही घण्टामै खराब हुने गर्दछ । उहाँ भन्नुहुन्छ, "सगरमाथाको मार्ग पहिलेभन्दा धेरै परिवर्तन भएको छ । विगतमा हिउँले ढाकिएका भाग अहिले खुला चट्टानमा परिणत हुँदै गएका छन् । यसले आरोहणलाई झन् कठिन र जोखिमपूर्ण बनाएको छ ।"

विशेषगरी खुम्बु आइसफल क्षेत्रमा बरफको संरचना अस्थिर बन्दै गएकाले भविष्यमा आरोहणमा थप चुनौती थपिनसक्ने देखिन्छ । हिउँको कमीका कारण बरफ छिटो पग्लिने र चिरा तथा दरार थप खुल्ने समस्या देखिएको उहाँको भनाइ छ ।

जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी समस्या छँदैछ, त्योभन्दा पनि फोहर व्यवस्थापनको समस्या झन् जटिल बन्दै गएको उहाँ बताउनुहुन्छ । फुर्वा सगरमाथाको क्याम्प २ सम्म फोहर व्यवस्थापन केही हदसम्म प्रभावकारी देखिए पनि क्याम्प ३ र क्याम्प ४ मा अवस्था अझै चिन्ताजनक रहेको बताउनुहुन्छ । "क्याम्प ४ बाट फोहर तल झार्न निकै गाह्रो छ । आरोहीहरू आफ्नो ज्यान जोगाउनु कि फोहार बोक्नु भन्ने अवस्थामा पुग्छन्", उहाँ भन्नुहुन्छ ।

सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले फोहर व्यवस्थापनका लागि प्रयास गरिरहेको भए पनि माथिल्लो क्षेत्रमा थुप्रिएका पुराना पाल, अक्सिजन सिलिन्डर र अन्य फोहर हटाउन अझै ठूलो चुनौती रहेको शेर्पा बताउनुहुन्छ । गत मे २० मा एक चिनियाँ नागरिकलाई लिएर सगरमाथाको सफल आरोहण गरेर फर्कनुभएका शेर्पा हरेक वर्ष यो समस्या थपिँदै गएको बताउनुहुन्छ।

यसपटक सगरमाथामा विश्वका ५६ देशका ४९५ आरोहीले अनुमति लिएका थिए भने एक हजारभन्दा

बाँकी तेश्रो पेजमा

# तनहुँका ३५० सेवाग्राहीको घरमै राहदानी वितरण

भञ्ज्याङ समाचारदाता/दमौली

सरकारी सेवालाई नागरिकको घरदैलोमै पुर्‍याउने अभियानअन्तर्गत नेपाल सरकारले सञ्चालन गरेको घरमै राहदानी वितरण सेवा तनहुँमा प्रभावकारी बन्दै गएको छ । नेपाल सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूची अन्तर्गत सरकारी कागजात घरमै पुर्‍याउने व्यवस्था लागू गर्ने उल्लेख छ ।

सोही नीतिअनुसार जिल्ला प्रशासन कार्यालय तनहुँले हुलाक कार्यालयमार्फत गत वैशाख ४ गतेदेखि राहदानी वितरण सेवा घरदैलोमै पुर्‍याउने कार्यक्रम सुरू गरेको हो ।

जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालय



तनहुँबीचको सहकार्यमा सञ्चालन भइरहेको उक्त सेवाअन्तर्गत जिल्ला प्रशासन कार्यालयबाट राहदानी तयार भएपछि जिल्ला हुलाक कार्यालयले त्यसलाई सेवाग्राहीको घर वा सेवाग्राहीले तोकेको स्थानमा पुर्‍याउने व्यवस्था मिलाइएको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

नागरिकको घरमै पुर्‍याउने लक्ष्यअनुसार तनहुँमा सुरू गरिएको उक्त सेवाबाट हालसम्म ३५० जना सेवाग्राही लाभान्वित भएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिए ।

सरकार मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नम्बर २७ मा सरकारी सेवालाई घरदैलोमै पुर्‍याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्नमेन्ट कुरियर सर्भिस'को रूपमा विकास गर्ने तथा राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रलगायत सरकारी

रेग्मीले नागरिकलाई सहज, छिटो र झन्झटरहित सेवा प्रदान गर्ने उद्देश्यले घरमै राहदानी वितरण कार्यक्रम सुरू गरिएको र प्रभावकारी बन्दै गएको उल्लेख गरे । उनले भने, "राहदानी लिनका

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवा लक्षित कार्यक्रम

यतिबेला स्थानीय सरकार आगामि आर्थिक वर्ष २०८३/०८४ का लागि नीति, कार्यक्रम तथा बजेट ल्याउने तयारीमा जुटेका छन् । तनहुँमा १० वटा स्थानीय सरकार पनि यही तयारीमा जुटिरहेका छन् । मुलुकका तीनै तहका सरकारले सामयिक रूपमा युवा लक्षित कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा युवाहरू अहिले आफ्नो थाँतथलो छाड्ने क्रम बढ्दै गएको अवस्था छ। यो अवस्थालाई ख्याल गर्दै स्थानीय सरकारले अबको बजेट तथा नीति कार्यक्रममा युवालाई आफ्नै थातथलोमा स्वरोजगार बनाउने गरी युवा लक्षित कार्यक्रम अगाडि ल्याउन आवश्यक छ । तनहुँका चार नगरपालिका र छ गाउँपालिकाले विगतका वर्षहरूमा पनि युवालाई आ-आफ्नै गाउँठाउँमा स्वरोजगार बनाउन भन्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । तर, ती कार्यक्रम प्रभावकारी बन्न सकेको देखिदैन । युवाहरूको श्रम, सीप, सिर्जनात्मकताको उपयोग गर्न सकेमात्र समृद्धिको यात्रा तय हुन्छ । तीनै तहका सरकारले युवाका चाहना, आवश्यकता र युवालाई आकर्षित गर्ने खालका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा अहिले कतिपय गाउँबस्ति युवा विहिन अवस्थामा पुगेका छन् । यतिसम्मकी कतिपय गाउँहरू खण्डहर बन्दै गएका छन् भने केही गाउँमा वृद्धवृद्धा मात्रै बसोवासर रहेको भेटिन थालेका छन् ।

नेपालको कुल जनसंख्यामा श्रमयोग्य युवाहरूको हिस्सा उच्च छ । विज्ञहरु युवाहरूको यो संख्यालाई जनसांख्यिक लाभको रूपमा परिभाषित गर्ने र यसको सदुपयोग गर्नुपर्ने बताउँछन् । यस्तो जनसांख्यिक लाभांश समुन्नत र समृद्ध नेपालको आधार बन्ने उच्च सम्भावना हुँदाहुँदै पनि युवा जनशक्तिको सिर्जनात्मक उपयोग गर्न सकिएको छैन । युवाको विदेश पलायनले देशको कृषियोग्य जमिन बाँझो छ । युवा बिदेसिनुको असर देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा परिरहेको छ । उत्पादन बढाएर देशलाई समाजवाद उन्मुख समृद्धितिर लैजान नेपालबाहिर रहेका बहुसंख्यक नेपालीको सहभागिता अनिवार्य हुन्छ । अवसर र रोजगारी खोज्दै एक करोडभन्दा बढी नेपाली बिदेसिएका छन्। उनीहरूमध्येबाटै स्वदेश फर्किएका, जोसँग केही गर्ने उमेर र उमङ्ग अझै बाँकी छ, उनीहरूको प्राविधिक ज्ञान, सीप, पुँजी र समग्र अनुभवलाई प्रयोग गरेरै हामीले देशमा उत्पादन बढाउन सक्छौँ । यसरी फर्किएका (रिटर्नी)हरूलाई रोजगारी दिएर वा स्वामित्व दिएर देशको उत्पादन बढाउने योजना अगाडि ल्याउनुपर्छ ।

आत्मनिर्भर अर्थतन्त्र एवं समृद्धिका लागि सरकार, 'रिटर्नी' र सम्पूर्ण सरोकारवालाहरूको यसप्रति ध्यान जान जरूरी छ । हरेक 'रिटर्नी'लाई कुनै उद्यममा संलग्न गराउन वा बाहिर सिकेर आएको सीपअनुसारको रोजगारमा लगाउन राज्यले ध्यान दिनुपर्छ । अर्थतन्त्रमा आन्तरिक तथा बाह्य आम्दानी र कुल गार्हस्थ्य उत्पादनको स्थिति ऋणात्मक रहेपनि उल्लेख्य विदेशी मुद्रा सञ्चितिका कारण नेपालको अर्थतन्त्र सकारात्मक छ । धेरैको मुखबाट सुन्ने गरिएको छ, 'आज मुलुकको अर्थतन्त्र विप्रेषण (रेमिट्यान्स)ले चलेको छ ।' विभिन्न तथ्याङ्कले यो पुष्टि गरेको देखिन्छ । जुनसुकै माध्यम र भिसामा बिदेसिए पनि रोजगार लक्षित युवाहरूको संख्या एक करोडभन्दा माथि नाघेको छ । दिन प्रतिदिन बिदेसिनेको संख्या बढ्दो क्रममा छ । हरेक दिन देश छाड्ने युवाको संख्या २२/२३ सय छ भने फर्किनेको संख्या तीन-चार सयको हाराहारी छ । देशमा युवा रित्तिने क्रमलाई कम गर्न फर्किनेहरूको पुनःस्थापना गर्न आवश्यक छ । विगत एक दशकमा नेपालले ठुलठुला संकट बेहोरेको छ, जसले अर्थतन्त्रलाई कमजोर बनाउँदै लगेको छ ।

२०७२ को विनाशकारी भूकम्प, ठुलठुला बाढी-पहिरो, पटक पटक सरकार फेरिने राजनीतिक संकट, कोरोना महामारी, गत भदौ २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलन आदिबाट मुलुकको अर्थतन्त्र डुब्नबाट बचाउन रेमिट्यान्सकै मुख्य भूमिका छ, तर रेमिट्यान्सको भर हुँदैन । आत्मनिर्भर र समाजवादी अर्थतन्त्रका लागि हामीसँग राष्ट्रिय पुँजी र उत्पादन नै चाहिन्छ । देशको परिवेश तथा ग्रामीण अर्थतन्त्रसँग बाल्यकालमा जोडिएको यो पुस्ता नै युवावस्थामा विदेशी भूमिमा आफ्नो श्रम खर्चिन पुगेको थियो । युवावस्थाको उत्तरार्धतिर स्वदेश फर्केकाहरूको ज्ञान, सीप, क्षमता र पुँजीलाई उचित ढङ्गले देशको उत्पादनमा जोड्न सकिएन भने हाम्रो अर्थतन्त्र जर्जर हुँदै जान्छ । अर्कोतिर नेपाली भूमिमा साल-नाल जोडिएको यो पुस्ता पलायनतिर लाग्दा यिनीहरूका सन्तानहरूको पनि देशसँगको नाता कमजोर हुने निश्चित छ । त्यसैले ४० वर्ष उमेर नाघेका यी 'रिटर्नी'हरूको श्रम सभ्यताको निरन्तरताले आगामी एक-दुई दशकभित्र समाजवादी नेपाल निर्माण गर्न योगदान पुऱ्याउन सकिन्छ ।

# बहुप्रतिक्षित फुटबलको महासंग्राम विश्वकप

चार वर्षको प्रतिक्षापछि फिफा विश्वकप २०२६ फुटबल प्रतियोगिता विगतका विश्वकपहरूभन्दा थप विशेष बन्दै संसारभरका फुटबलप्रेमीहरूको घरसंघारमा आइपुगेको छ। व्यापक रूपमा विश्वव्यापी सहभागिता हुने अपेक्षा गरिएको विश्वकपलाई अन्तर्राष्ट्रिय पर्वका रूपमा लिने गरिएको छ । विश्वकप फुटबलले एक महिनाभन्दा बढी अवधिभर संसारभरिका फुटबलप्रेमीहरूलाई प्रतिस्पर्धात्मक खेलको माध्यमबाट एकीकृत गर्दै स्वच्छ मनोरञ्जन दिलाउनेछ । नेपालको समयअनुसार जेठ २९ गते मध्यराति १२ बजेर ४५ मिनेटदेखि शुभारम्भ हुने विश्वकप साउन ४ गते मध्यराति १२ बजेर ४५ मिनेट जाँदा सुरू हुने फाइनल खेलपछि टुङ्गिने खेलतालिका रहेको छ । विज्ञान र प्रविधिको विकाससँगै प्रविधिमैत्रीअनुरूप सञ्चालन गरिने विश्वकप फुटबलले समग्र रूपमा विश्वमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न क्षेत्रको विकासका लागि समेत यथोचित योगदान गर्ने आशा गरिएको छ ।

**विगतभन्दा फरक**

यसपालि पहिलोपटक तीनवटा देश मिलेर संयुक्त रूपमा विश्वकपको आयोजना गर्दैछन्। अमेरिका, क्यानडा र मेक्सिकोले सञ्चालन गर्ने यस प्रतियोगिताको विशेषता भनेको फुटबलप्रेमी दर्शकहरूले धेरै खेल हेर्ने अवसर प्राप्त गर्नु हो। प्रतियोगिताको उद्घाटन खेल पर्यटकको घुइँचोले समग्र आर्थिक अभिवृद्धिमा प्रभाव पर्न जानेछ । सन् २०२२ को कतारमा भएको विश्वकपमा भन्दा यसपटक ४० वटा बढी खेल हुने भएपछि फुटबलप्रेमीहरूलाई धेरै खेल हेर्न पाउने अवसर जुटेको छ । यसअघि समूहगत खेलका लागि सहभागी टिमहरूलाई आठ समूहमा विभाजन गर्ने गरिएको थियो भने यसपटक समूहको संख्या बढ्न गई 'ए' देखि 'एल' समूह गरी १२ वटा समूहमा विभाजन गरिएको छ । यसअनुसार प्रत्येक समूहमा चारवटा टोली रहेका छन् । प्रत्येक टोलीले खेल्ने लिग र नकआउट चरणका सम्पूर्ण खेलहरूले व्यापक रूपमा फुटबलको लहर ल्याउनेछ ।

**सम्भावित प्रतिस्पर्धा**

प्रतियोगिताका सहभागी टिमहरूमध्ये गत विश्वकप विजेता अर्जेन्टिना यसपालि पनि उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रदैछ। विपक्षीलाई सन्तुलित रूपमा दबाब दिन यो टिम सफल मानिएको छ । अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीको कुशल नेतृत्व यो टिमको प्रमुख शक्ति रहेको छ । सन् २०१० मा एकपटकमात्र विश्वकप जितेको स्पेनका खेलाडी पनि राम्रो फर्ममा रहेको विश्लेषकहरूले जनाएका छन् । फिफाको विश्व बरियतामा विभिन्न पटक शीर्षस्थानमा रहन सफल स्पेन वर्तमान युरोपेली च्याम्पियन पनि हो । २०२२ मा समूह चरणबाटै बाहिरिएको जर्मनी यसपटक त्यस्तो पीडा फेरि नपरोस् भन्नेतर्फ सचेत रहेको छ । विश्वकपमा दुईपटक तृतीय भइसकेको क्रोयसिया तथा सन् २०२२ को विश्वकपमा तेस्रो स्थानका लागि भएको खेलमा क्रोयसियासँग एक गोलअन्तरले मात्र पराजित भएपछि विश्वव्यापी रूपमा चर्चित भएको मोरक्कोजस्ता टिमबाट पनि यसपटक अझ उत्कृष्ट नतिजाका लागि प्रयत्न हुने नै छ । यस्तै नेदरल्यान्डस्, बेल्जियमजस्ता टिमलाई पनि कम आँक्न सकिँदैन ।

**धेरै पटक जित्नेहरु**

फिफा विश्वकप फुटबल हालसम्म सबैभन्दा धेरैपटक ब्राजिलले जितेको छ । ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र सन् २००२ मा गरी पाँचपटक विश्वकप हासिल गरेको थियो । यस्तै जर्मनीले चारपटक उपाधि हात पारिसकेको छ । जर्मनी सन् १९५४, १९७४, १९९० र २०१४ मा विजेता बन्न सफल भएको थियो । उपाधि चारपटक नै जितेको इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा ट्रफी कब्जामा लिएको थियो । तीनपटक जितिसकेको अर्जेन्टिनाले सन् १९७८, १९८६ तथा अघिल्लो विश्वकप २०२२ मा विजेता बनेको थियो । फ्रान्स र उरूग्वेले भने दुईदुईपटक विश्वकप जितेका छन् । फ्रान्सले सन् १९९८ र २०१८ मा तथा




जेठ २९ गते मेक्सिको सिटीमा 'ए' समूहमा रहेको विश्वकपको सहआयोजक मेक्सिको तथा दक्षिण अफ्रिकाबीच हुँदैछ । जेठ ३० गते अर्को सहआयोजक क्यानडाले बोस्निया हर्जगोभिनियासँग टोरोन्टोमा तथा सहआयोजक अमेरिकाले पाराग्वेसँग क्यालिफोर्नियामा पहिलो खेल खेल्ने कार्यक्रम छ । यसरी विभिन्न तीन देशमा आयोजना हुने बेग्लाबेग्लै उद्घाटन खेलले विश्वमा रहेका सम्पूर्ण मुलुकहरूलाई नै फुटबलमय बनाउन महत्त्वपूर्ण योगदान गर्नेछ ।

विश्वकपका सहभागी मुलुकहरूको संख्यामा व्यापक मात्रामा वृद्धि गरिनु सन् २०२६ को अर्को उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । विगतका विश्वकपहरूमा ३२ टोलीको मात्र सहभागिता हुने गर्दथ्यो भने अब ४८ मुलुकका टोलीले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउने मौका पाएपछि थप थुप्रै टिम तथा खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका पाएका छन् । विश्वकपको इतिहासमा खेल संख्या पनि अत्यधिक मात्रामा वृद्धि गरिएबाट प्रतियोगिताको रौनक अझ बढन पुगेको छ । प्रतियोगिताको सहभागी मुलुकभित्र व्यापक चासो र चिन्ता हुने गरेको विश्वकपको लहरले सम्पूर्ण विश्वलाई प्रभावित गर्नेछ । यो प्रतियोगिता विश्वकै लामो प्रतियोगिताका रूपमा स्थापित हुँदैछ ।

यसअघिका विश्वकपमा ६४ वटा खेल हुने गरेकामा अब खेल संख्या बढेर १०४ खेल हुने भएपछि यसको सकारात्मक असर ती खेल सञ्चालन हुने तीनवटै मुलुकका विभिन्न १६ वटा सहरमा पर्ने देखिएको छ। विभिन्न देशबाट खेल हेर्न ती शहरमा जाने स्पेनको टिम शक्तिशाली राष्ट्रिय टोलीमध्ये एक मानिएको छ ।

गत विश्वकपको उपविजेता फ्रान्स पनि विपक्षी टिममाथि आक्रमण गर्न पारङ्गत देखिएको छ । प्रतिभाशाली खेलाडीहरूले भरिएको फ्रान्सेली टिम तेस्रोपटक विश्वकप जित्ने लक्ष्य लिएर मैदानमा उत्रिँदैछ । विपक्षीतर्फ आक्रमण गर्ने सन्दर्भमा इङ्गल्यान्डको टिम पनि कम देखिएको छैन। यो टिम अनुभवी खेलाडीहरूले भरिएका छन्। इङ्गल्यान्डले सन् १९६६ मा एकपटकमात्र आफ्नै गृह मैदानमा विश्वकप जितेको थियो । यस्तै अनुभवी कप्तान क्रिष्टियानो रोनाल्डोको नेतृत्वमा रहेको पोर्चुगलको टिम यो विश्वकपमा सन्तुलित टिममध्ये एक मानिएको छ। यो टिममा मिडफिल्ड होस् वा फूलब्याकजस्तो महत्त्वपूर्ण स्थानमा यथोचित व्यवस्थापन भएको देखिएको छ । विश्वकपमा बलियो टिमका रूपमा हेरिने गरिएको पोर्चुगलले एकपटक पनि विश्वकप जित्न सकेको छैन। सन् १९६६ मा पोर्चुगल तृतीयसम्म भएको थियो ।

त्यसैगरी, ब्राजिल पनि विश्वकपका सहभागी टिमहरूमा शक्तिशाली टिमहरूमध्ये पर्दछ। विश्वमा सबैभन्दा धेरैचोटी पाँचपटक विश्वकप जित्न सफल ब्राजिल अहिले छैटौंपटक उपाधि जित्ने दाउमा रहेको छ । अनुभवी खेलाडीहरूको कमी नदेखिएको ब्राजिलले विश्वकप फुटबल प्रतियोगिता आयोजना भएको प्रारम्भिक दिनदेखि नै प्रतिस्पर्धा गर्दै आइरहेको छ ।

चारपटक विश्वकप जितिसकेको जर्मनीजस्ता टिम पनि विश्वकपका बलिया दाबेदार मान्न सकिन्छ। तर सन् २०१८ तथा उरूग्वेले सन् १९३० तथा १९५० मा उपाधि हात पारेका थिए । अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाको पछिल्लो विश्व वरियताक्रममा अर्जेन्टिना सबैभन्दा अग्रपंक्तिमा रहेको छ । दोस्रो स्थानमा स्पेन तथा तेस्रो स्थानमा फ्रान्स रहेका छन् । यस्तै इङ्ग्ल्यान्ड चौथो, पोर्चुगल पाँचौं स्थानमा छन् ।

**अत्यधिक गोल**

फिफा विश्वकपको इतिहासमा सबैभन्दा धेरै गोल गरेको इतिहास जर्मनीका मिरोस्लाभ क्लोसले कायम गरेका छन् । उनले सन् २००२, २००६, २०१० र २०१४ गरी चारवटा विश्वकपमा कुल १६ गोल गरेर कीर्तिमान राखेका थिए । विश्वकपमा धेरै गोल गर्नेहरूको सूचीमा दोस्रो स्थानमा रहेका ब्राजिलका रोनाल्डोले कुल १५ गोल गरेका थिए । तत्कालीन पश्चिम जर्मनीका गेर्ड मुलरले कुल १४ गोल, फ्रान्सका जष्ट फोन्टाइनले कुल १३ गोल गरेका थिए । हालसम्म पाँचवटा विश्वकप खेलिसकेका अर्जेन्टिनाका लिओनेल मेस्सीले कुल १३ गोल गरिसकेका छन् । एउटै प्रतियोगितामा सबैभन्दा धेरै १३ गोल फ्रान्सका जष्ट फोन्टाइनले सन् १९५८ को विश्वकपमा गरेका थिए ।

**मेस्सीको छैटौं विश्वकप**

अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीले छैटौंपटक फिफा विश्वकपमा भाग लिएर इतिहास रच्दै छन् । सम्भवतः यसपालिको विश्वकप उनको लागि अन्तिम विश्वकप हुनेछ । मेस्सीले सन् २००६ मा जर्मनीमा आयोजित विश्वकपमा १८ वर्षकै उमेरमा डेब्यु गर्ने अवसर प्राप्त गरेका थिए । उनले

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ कामको थालनीका लागि दिन अनुकूल छ। व्यवसायमा लाभ हुने सम्भावना छ। स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस् ।

**वृष**
कामको चाप बढ्न सक्छ। धैर्य र संयमताका साथ अघि बढे सफलता प्राप्त हुनेछ। आर्थिक पक्ष मध्यम रहनेछ।

**मिथुन**
सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रतिष्ठा बढ्ने संकेत छ। साथीभाइको सहयोग प्राप्त हुनेछ।

**कर्कट**
आम्दानीका नयाँ स्रोत फेला पर्न सक्छन्। पारिवारिक जिम्मेवारी बढे पनि त्यसलाई सफलतापूर्वक पूरा गर्न सकिनेछ।

**सिंह**
आत्मविश्वास बढ्ने, नेतृत्वदायी भूमिकामा सफलता मिल्नेछ। सरकारी तथा प्रशासनिक कार्यमा अनुकूलता देखिन्छ।

**कन्या**
आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस्। काममा केही अवरोध आए पनि धैर्य राखे सफलता मिल्नेछ।

**तुला**
शुभचिन्तकबाट सहयोग प्राप्त हुनेछ। रोकिएका काम पूरा हुने सम्भावना छ। परिवारमा खुसीको वातावरण रहनेछ।

**वृश्चिक**
पेशागत क्षेत्रमा उपलब्धि हासिल हुन सक्छ। वरिष्ठ व्यक्तिको साथ र सुझाव लाभदायक रहनेछ।

**धनु**
लामो समयदेखि सोचिरहेको योजना कार्यान्वयनमा आउने सम्भावना छ। यात्राबाट लाभ मिल्न सक्छ।

**मकर**
आर्थिक कारोबार गर्दा सतर्क रहनुहोस्। स्वास्थ्य र खानपानमा विशेष ध्यान दिन आवश्यक छ।

**कुम्भ**
साझेदारीका काममा सफलता मिल्नेछ। दाम्पत्य तथा प्रेम सम्बन्धमा समझदारी बढ्नेछ। नयाँ अवसर प्राप्त हुन सक्छ।

**मीन**
प्रतिस्पर्धीमाथि विजय हासिल गर्न सकिनेछ। स्वास्थ्यमा सुधार र मनमा उत्साह बढ्नेछ। कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ।

# बहुप्रतिक्षित फुटबलको .......

त्यतिखेर सर्बियाविरूद्ध पहिलो गोल गरेका थिए ।

सन् २०१० मा दक्षिण अफ्रिकामा दोस्रोपटक विश्वकप खेलेका मेस्सीले सन् २०१४ मा ब्राजिलमा विश्वकपको फाइनलमा आफ्नो टिमलाई प्रवेश गराउने अवसर पाए पनि जर्मनीसँगको नमीठो हार व्यहोरेका थिए । आफ्नो टिम फाइनलमा पराजित भए पनि प्रतियोगिताको उत्कृष्ट खेलाडीका रूपमा मेस्सीले गोल्डेन बुट जित्नु सामान्य सफलता थिएन । सन् २०१८ मा समेत विश्वकप खेलेका मेस्सीले सन् २०२२ मा कतारमा आयोजित विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाउन नेतृत्वदायी भूमिका खेलेका थिए । मेस्सीले प्रतियोगितामा सात गोल गर्नुका साथै दोस्रोपटक गोल्डेन बल जितेका थिए ।

### करोडौँ पुरस्कार

फिफा विश्वकपको अर्को महत्त्वपूर्ण विशेषता भनेको आकर्षक पुरस्कार पनि मानिएको छ। यसमा विजेता बन्ने टिमले करोडौँ रकम पुरस्कार पाउनेछन्। फिफाले विश्वकपका विजेता टिमलाई पुरस्कारबापत पाँच करोड डलर रकम प्रदान गर्नेछ । उपविजेताले तीन करोड तीन लाख डलर पाउनेछ । तेस्रो स्थान प्राप्त गर्ने टिमले दुई करोड ९० लाख डलर तथा चौथो हुने टिमले दुई करोड ७० लाख डलर पुरस्कार प्राप्त गर्नेछ । यसबाहेक खेलाडीहरूलाई सम्बन्धित मुलुकका सरकार तथा विभिन्न संस्थाका तर्फबाट पनि आकर्षक पुरस्कार प्रदान गरिने प्रचलन रहेको छ । फिफा विश्वकप विजेताले प्राप्त गर्ने ट्रफीको मूल्य पनि सामान्य छैन । फिफा विश्वकप ट्रफीको लागत करिब दुई लाख ४२ हजार ७०० डलर भएको अनुमान गरिएको छ । ट्रफीको तौल छ किलोभन्दा बढी रहेको छ । यसको निर्माण १८ क्यारेटको सुनबाट गरिएको हो । उक्त सुनको ट्रफी स्थायी रूपमा फिफाको स्वामित्वमा रहने नियम छ । यस्तो महत्तवपूर्ण ट्रफीलाई राष्ट्र प्रमुखहरू, फिफा अध्यक्ष र पूर्व विश्वकप च्याम्पियनहरूले मात्र छुन पाउने नियम रहेको छ ।

### नयाँ परिवर्तन

विश्वकप फुटबलका सिलसिलामा केही परिवर्तनहरु देख्न पाइने भएको छ । खेल सञ्चालनका लागि खटिने रेफ्रीहरूलाई सघाउन भिडियो सहायक रेफ्रीको व्यवस्था गरिएको छ । खेल सञ्चालनका क्रममा रेफ्रीले कुनै खेलाडीले समय खेर फालिरहेको देखेमा थ्रो-इन तथा गोलकिकको लागि पाँच सेकेन्ड काउन्टडाउन गर्न सक्ने नियम बनाइएको छ । त्यो समयभित्र खेल पुनः सुरू गर्न असफल भएमा विपक्षी टोलीलाई अवसर दिइने नियम बनाइएको छ। यसअनुसार खेलाडीले ढिलो गोलकिक प्रहार गरे विपक्षी टिमलाई कर्नर किकको अवसर प्रदान गरिने छ।

खेल सञ्चालनका क्रममा रेफ्रीका निर्णयहरूको समीक्षा भिडियो सहायक रेफ्रीले गर्न सक्नेछन् । यसरी रेफ्रीले खेल सञ्चालन हुँदा देखाएका पहेँलो तथा रातो कार्डबारे पनि समीक्षा गर्न सकिने भएको छ । खेलका बेला कुनै पनि खेलाडीलाई मुख ढाक्न प्रतिबन्ध लगाइएको छ । खेलको समयमा कुनै खेलाडीले आफ्नो मुख हातले छोपेमा तुरुन्तै रातो कार्डको सामना गर्नुपर्ने भएको छ । कुनै खेलाडी परिवर्तन गर्दिा १० सेकेन्डभित्र मैदान छोडिसक्नुपर्ने व्यवस्था गरिएको छ । यस्तै खेलको बेला घाइते भएका खेलाडीलाई मैदान बाहिर उपचार गरिसकेपछि कम्तीमा ६० सेकेन्डसम्म मैदानबाट बाहिरै रहनुपर्ने नियम बनाईएको छ ।

### गर्मीको चुनौती

विश्वकप गर्मीयाममा सञ्चालन गरिने भएकाले खेल सञ्चालनका बेला खेलाडीहरूको सुविधाका लागि प्रत्येक खेलको प्रत्येक हाफमा तीन मिनेटको विश्राम दिइने भएको छ । प्रतियोगिता सञ्चालन गरिने सहरहरूमा हुने गरेको अत्यधिक गर्मी चिन्ताको विषय भएकाले खेल सुरू भएको २२औँ तथा ६७औँ मिनेटमा विश्राम दिइने व्यवस्था मिलाइएको छ । यस्तो विश्राम सबै खेलमा दिइने भएको छ । रङ्गशालाको तापक्रम जस्तोसुकै भएतापनि प्रत्येक खेलमा विश्राम दिइने नियम बनाइएको हो । यस अवधिमा खेलाडीलाई पानी पिउन, आराम गर्न तथा प्रशिक्षकलाई थप रणनीति बनाउन अनुमति दिइने छ। यसअघि तापक्रम ३१ डिग्री सेल्सियस नाघेको अवस्थामा मात्र विश्राम दिइने गरिन्थ्यो ।

### नेपालको सहभागिता

नेपालले विश्वकप फुटबलमा सहभागिताका लागि लामो समयदेखि प्रयास गर्दै आएको भए तापनि हालसम्म सफलता मिल्न सकेको छैन । नेपालले हालसम्म नौवटा विश्वकप छनोट प्रतिस्पर्धामा भाग लिए तापनि नतिजा सन्तोषजनक हुनसकेको छैन । नेपालमा फुटबलको संस्थागत विकास भएको लामो समय भइसकेको भए तापनि नेपालका लागि विश्वकप फुटबल ज्यादै कठिन प्रतियोगिताका रूपमा रहेको छ। नेपालमा २००७ साल अगाडि नै तत्कालीन राणा शासनकालमा फुटबल संघको स्थापना भइसकेको थियो । नेपालले अन्तर्राष्ट्रिय फुटबल महासङ्घ फिफाको सदस्यता लिएको पनि ५० वर्ष नाघिसकेको छ ।

नेपालले विगत केही वर्षदेखि विश्वकपका लागि छनोट चरणमा खेल्दै आए तापनि त्यसभन्दा अगाडि भने बढ्न सकेको छैन । नेपाल विश्वकप २०२६ को छनोटमा प्रारम्भिक चरणमै रोकिएको थियो । नेपालले फिफाको विश्व वरियताक्रममा लगातार सुधार नगरेसम्म नेपालको फुटबल टिमले विश्वकपका प्रारम्भिक चरणभन्दा अघि बढन कठिनाइ देखिएको छ । विश्वकपमा पुग्न पहिले एसियाली कपमा स्थापित हुनुपर्ने जरूरी देखिएको छ । एसियाकै उज्वेकिस्तान, जोर्डन तथा बहराइनजस्ता मुलुकले एसियाली कपको अनुभवपछि विश्वकपमा सहभागी हुने अवसर पाएका हुन् । नेपालमा सबैभन्दा लोकप्रिय खेल फुटबललाई विश्वकप लक्षित दीर्घकालीन योजनालाई प्राथमिकतापूर्वक अघि बढाउनुपर्ने आवश्यकता टड्कारो महसुस गरिएको छ ।

नेपालले पहिलोपटक सन् १९८६ मा मेक्सिकोमा भएको विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा प्रतिस्पर्धा गरेको थियो । सन् १९८५ को मार्च २ तारिखका दिन काठमाडौँको दशरथ रङ्गशालामा नेपालले गरेको पहिलो प्रतिस्पर्धामा दक्षिण कोरियासँग शून्यका विरूद्ध दुई गोलले पराजय भोगेको थियो । सन् १९९० मा इटलीमा भएको विश्वकपका लागि नेपालले दक्षिण कोरिया, मलेसिया र सिङ्गापुरसँग खेलेका छवटा खेलमा नेपालले कुल २८ गोल खाएर सबै खेलमा पराजित भएको थियो । नेपाल सन् १९९४ को विश्वकपको छनोटबाट बाहिरिएको थियो। सन् १९९८ मा फ्रान्समा भएको विश्वकपको लागि ओमानमा भएको छनोट खेलमा नेपालले पहिलोपटक अङ्क प्राप्त गरेको थियो ।

नेपाल तथा मकाउबीच भएको खेलमा दुवै पक्षबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्गिएकाले नेपालले पहिलो अङ्क पाएको थियो। नेपालको तर्फबाट विश्वकप छनोटमा पहिलो गोल प्रहार गर्ने कीर्तिमान हरि खड्काले राखेका हुन् । सो खेल प्रारम्भ भएको २२औँ मिनेटमा हरि खड्काले उक्त ऐतिहासिक गोल गरेका थिए। सोही छनोटका सिलसिलामा जापानमा मकाउसँगको खेल पनि एक-एक गोल भई बराबरीमा सकिएको थियो । दोस्रोपटक मुलुकका लागि गोल हान्ने खेलाडी दीपक अमात्य थिए । सन् २००२ मा दक्षिण कोरिया तथा जापानमा संयुक्त रूपमा आयोजित विश्वकपको छनोट चरणमा नेपालले पहिलोपटक मकाउलाई दुईवटा खेलमा हराउन सफल भएको थियो । नेपालले मकाउलाई पहिलो खेलमा एक गोलका विरूद्ध चार गोलले हराएको थियो । उक्त खेलमा निराजन रायमाझीले दुई तथा हरि खड्का तथा वसन्त थापाले एक-एक गोल गरेका थिए ।

दोस्रो खेलमा पनि नेपालले मकाउलाई एक गोलका विरूद्ध छ गोलले हराएर विजय हासिल गरेको थियो । उक्त खेलमा नेपालीका लागि निराजन रायमाझीले ह्याट्रिक गरेका थिए भने हरि खड्का, बालगोपाल महर्जन तथा दीपक लामाले एक-एक गोल गरेका थिए। नेपालले इराकविरूद्ध खेलेको पहिलो खेलमा निराजन रायमाझीले एक गोल गरेका थिए भने अर्को खेलमा निराजन रायमाझी र हरि खड्काले एक-एक गोल गरेका थिए । सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपको छनोट चरणमा नेपालले टिमोर लिष्टेलाई अनिल गुरूङ र जुमानु राईको गोलको मद्दतले पराजित गरेको थियो। दोस्रो खेलमा टिमोर लिष्टेलाई शून्यका विरूद्ध पाँच गोलले हराउँदै छनोट चरणको दोस्रो चरणमा प्रवेश गर्दा मुलुकका लागि गोल प्रहार गर्ने खेलाडीहरूमा अनिल गुरूङ, जुमानु राई, भोला सिलवाल, जगजित श्रेष्ठ र सुजल श्रेष्ठ थिए । दोस्रो चरणको पहिलो खेलमा नेपाल जोर्डनसँग पहिलो खेलमा शून्यका विरूद्ध नौ गोलको भारी अन्तरले हार्न पुगेको थियो भने दोस्रो खेलमा दुवै टिमबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्ग्याउन नेपाल सफल भएको थियो। त्यतिखेर महत्तवपूर्ण गोल गर्न सफल खेलाडी भरत खवास थिए ।

सन् २०२२ मा कतारमा भएको विश्वकपको छनोट चरणको दोस्रो चरणमा सोझै खेल्ने अवसर पाएको नेपालले चाइनिज ताइपेइलाई दुई खेलमा पराजित गरेको थियो । पहिलो खेलमा अन्जन विष्टले शून्यका विरूद्ध दुई गोल प्रहार गरेका थिए भने दोस्रो खेलमा अन्जन विष्ट र नवयुग श्रेष्ठको गोलको मद्दतले नेपाल शून्यका विरूद्ध दुई गोलले विजयी भएको थियो । सन् २०२६ को फिफा विश्वकपको प्रारम्भिक चरणमा नेपाल र लाओस दुवैतर्फबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्गिएको थियो। नेपालका लागि उक्त गोल अन्जन विष्टले गरेका थिए । दोस्रो खेलमा मनिष डाँगीको गोलद्वारा नेपाल लाओसलाई शून्यका विरूद्ध एक गोलले हराउन सफल भएको थियो। यसरी नेपाल दोस्रो चरणमा प्रवेश गरेपछि यमनसँग दुई-दुई गोल गरेर बराबर गर्न सफल भएको थियो । ती गोल सञ्जीव विष्ट र जिलेस्पी कार्कीले गरेका थिए । तर यमन र बहराईनसँग भने नेपाल भारी गोलको अन्तरले पराजित भएको थियो ।

नेपालले संयुक्त अरब इमिरेटस युएई, बहराइन र यमन कुनै टिमलाई जित्न नसकी प्रतियोगिताबाट बाहिरिएको थियो । नेपाल युएईसँग दुवै गोलमा शून्यका विरूद्ध चार गोलको अन्तरले हारेको थियो । नेपाल बहराइनसँग पनि दुवै खेलमा शून्यका विरूद्ध पाँच गोलले हार्न पुगेको थियो। त्यतिखेर नेपालले आफ्नो गृहमैदान काठमाडौँको दशरथ रङ्गशालामा खेल्न पाउने एउटा खेलमैदानको स्थिति राम्रो नभएकाले बहराइनमै दुवै खेल खेल्न बाध्य भएको थियो । नेपाललाई यमनले पनि दुवै खेलमा हराएको थियो । नेपाल पहिलो खेलमा शून्यका विरूद्ध तीन गोलले तथा दोस्रो खेलमा शून्यका विरूद्ध चार गोलको अन्तरले पराजय हुनुपरेको थियो ।

अन्त्यमा, विश्वकै सबैभन्दा ठूलो प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबल प्रतियोगिताको अवधि हालसम्मकै सबैभन्दा लामो ३९ दिनसम्म सञ्चालन हुँदैछ । यो प्रतियोगिता समग्रमा विगतका प्रतियोगिताहरूभन्दा थप रोचक तथा रोमाञ्चक हुनसक्ने सम्भावना देखिएको छ । फुटबलमा आधिपत्य जमाइरहेका टिमहरूको अग्रता यसपटक पनि जारी रहने आकलन गर्न सकिन्छ तर कम चर्चित टिमलाई नकार्न सकिँदैन । प्रतियोगितामा सहभागी मुलुक धेरै भएकाले अप्रत्याशित नतिजा पनि आउनसक्ने सम्भावना पनि छँदैछ तर समूह चरणमै प्रत्येक टिमले खेल्न पाउने तीन-तीन खेलमै कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

विश्वकपका खेलहरु सुरू भइसकेपछि टिमहरूले प्रारम्भिक खेलहरूमा देखाउने खेलको आधारमा आगामी नतिजाको आकलन गर्न सकिनेछ । समग्रमा फिफा विश्वकप फुटबल सन् २०२६ ले विश्वभर छरिएका नागरिकहरूलाई फुटबलप्रति आकर्षित गर्दै विश्वलाई एक गाउँको रूपमा परिणत गर्न महत्त्वपूर्ण योगदान गर्नेछ । विश्वकपले फरक भूगोल, फरक भाषा तथा संस्कृति भएका मानिसहरूलाई खेलमार्फत जोड्दैछ। ठूलो होस् वा सानो भूभाग भएको राष्ट्र जोसुकै भए पनि एउटै मैदानमा स्वच्छ खेलको भावना राख्दै खेलिने यस प्रतियोगिताको माध्यमबाट शान्तिपूर्ण सहअस्तित्वको सन्देश प्रवाह हुनजाने आशा गरिएको छ । रासस

# सरकारको निर्णय सच्याउन माग गर्दै प्रशासन कार्यालयमा पत्रकारको धर्ना

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाल पत्रकार महासंघ तनहुँ शाखाले सरकारी विज्ञापन निजी सञ्चारमाध्यममा नदिने सरकारको निर्णय सच्याउन माग गर्दै जिल्ला प्रशासन कार्यालय तनहुँमा बुधबार एक घण्टा धर्ना दिएको छ ।




नेपाल पत्रकार महासंघ केन्द्रको आन्दोलन कार्यक्रम अन्तर्गत तनहुँ शाखाले बुधबार बिहान ११ बजेदेखि १२ बजेसम्म प्रशासन कार्यालयमा धर्ना दिएको हो ।

धर्ना कार्यक्रममा शाखाका अध्यक्ष डिपी अधिकारी, पूर्व अध्यक्ष प्रकाशचन्द्र भट्टराई, ओमकार आचार्य, सल्लाहकार नारायण खड्का, शाखाका पदाधिकारी, सदस्य एवं विभिन्न सञ्चारमाध्यममा आबद्ध सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

शाखाको आयोजनामा जेठ २९ गते समेत सोही समयमा प्रशासन कार्यालयमा धर्ना दिने कार्यक्रम रहेको छ ।

महासंघले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने निर्णयले प्रेस स्वतन्त्रता र सञ्चार क्षेत्रको दिगोपनामा असर पर्ने भन्दै उक्त निर्णय पुनर्विचार गर्न सरकारसँग माग गरेको छ ।

# तनहुँका ३५० सेवाग्राहीको .........

लागि सेवाग्राहीले फेरि जिल्ला प्रशासन कार्यालयसम्म आउनुपर्ने बाध्यता हटेको छ । हुलाक कार्यालयमार्फत राहदानी सिधै घर वा सेवाग्राहीले तोकेको स्थानमा पुर्‍याउने व्यवस्था गरिएकाले समय, श्रम र यातायात खर्चको बचत भएको छ ।"

रेग्मीका अनुसार सेवा सुरू भएको छोटो अवधिमै नागरिकबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । उनले भने, "विशेषगरी ज्येष्ठ नागरिक, महिला, विद्यार्थी, वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका नागरिक तथा दुर्गम क्षेत्रका सेवाग्राहीलाई यस सेवाले ठूलो राहत दिएको छ ।" उनले भने, "सरकारी सेवा नागरिकमैत्री र प्रविधिमैत्री बनाउन सरकार लागिपरेको छ । नागरिकलाई सेवा लिन कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै सेवा नै नागरिकसम्म पुर्‍याउने अवधारणाअनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो।"

रेग्मीका अनुसार व्यास नगरपालिकामा सबैभन्दा बढी ९५ जना सेवाग्राहीले घरमै राहदानी प्राप्त गरेका छन् । त्यसैगरी भानु नगरपालिकामा ७३, शुक्लागण्डकी नगरपालिकामा ६८, भिमाद नगरपालिकामा ३८, घिरिङ गाउँपालिकामा २९, आँबुखैरेनी गाउँपालिकामा २६, म्याग्दे गाउँपालिकामा १७ तथा बन्दीपुर गाउँपालिकामा चार जनाले उक्त सेवा प्राप्त गरेका छन् । आगामी दिनमा राहदानी मात्र नभई अन्य सरकारी कागजातको वितरणलाई थप व्यवस्थित र प्रभावकारी बनाउने तयारी भइरहेको उनले बताए ।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले घरमै राहदानी वितरण सेवाले नागरिकको समय बचत गर्नुका साथै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताए।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ताः** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमाः** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ताः** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमाः** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ताः** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।

**आमाः** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

**विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# अचार बनाउने तालिमपछि उद्यमशील बन्दै महिला

**भञ्ज्याङ समाचारदाता/दमौली**

दमौलीका महिलाहरूका लागि अचार अब केवल खानासँग स्वाद थप्ने परिकारमात्र रहेन, यो आयआर्जन, आत्मनिर्भरता र उद्यमशीलताको नयाँ माध्यम बन्न थालेको छ । वर्षौँदेखि घरघरमा बनाइँदै आएको अचारलाई व्यावसायिक रूपमा विकास गर्न थालेसँगै आयआर्जनको आधार बन्न थालेको हो ।

महिला उद्यमी संघ नेपाल तनहुँले सञ्चालन गरेको अचार बनाउने तालिमले महिलाहरूमा थप उत्साह थपेको छ । हालै सम्पन्न तालिमपछि धेरै महिलाहरु आफ्नै व्यवसाय सुरू गर्ने योजनासहित भविष्यका सम्भावनाबारे सोच्न थालेका छन् ।

नेपाली समाजमा अचार बनाउने काम नयाँ होइन । घरायसी परम्पराअनुसार पुस्तौँदेखि अचार बनाउने गरिए पनि तालिमपछि सीपलाई व्यावसायिक रुपमा विकास गर्न तालिमले सहयोग पुगेको स्थानीय आरती खनालले बताइन् । अचार बनाउने कामलाई पहिले सामान्य घरायसी जिम्मेवारीका रूपमा लिने गरे पनि तालिमपछि व्यावसायिक रूपमा विकास गर्ने योजना बनाएको उनको भनाई छन् ।

उनले भनिन्, "पहिले अचार बनाउनु भनेको घरको कामजस्तो मात्रै लाग्थ्यो, तर अब यसलाई व्यवसायका रूपमा अघि बढाएर आम्दानी गर्न सकिन्छ भन्ने विश्वास बढेको छ । सीपलाई सही तरिकाले प्रयोग गर्नसके घरमै बसेर पनि आर्थिक रूपमा आत्मनिर्भर बन्न सकिन्छ भन्ने महसुस भएको छ।"

आरतीजस्तै अन्य महिलाहरूले पनि परम्परागत सीपलाई व्यवसायमा रूपान्तरण गर्न सकिने सम्भावना देखेका छन् । तालिमले महिलाहरूलाई अचार बनाउने विधिमात्र नभई उत्पादनलाई बजारयोग्य बनाउने विभिन्न पक्षबारे पनि व्यावहारिक ज्ञान प्रदान गरेको छ ।

स्थानीय लीला प्रधान श्रेष्ठका अनुसार तालिमले उत्पादनको गुणस्तर कायम गर्ने, सरसफाइमा ध्यान दिने, आकर्षक प्याकेजिङ गर्ने तथा बजारको मागअनुसार उत्पादनलाई प्रस्तुत गर्ने तरिका सिकाएको छ । "पहिले सामान्य तरिकाले बनाइने अचारलाई हाल कसरी व्यावसायिक रूपमा तयार गर्ने भन्ने ज्ञान प्राप्त गभएको छ", उनले भनिन्, "बजारमा प्रतिस्पर्धा गर्न उत्पादनको स्वादमात्र होइन, यसको प्रस्तुति र गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण रहेछ भन्ने बुझ्यौँ।"



स्थानीय कोपिला थापाले तालिमपछि आफ्नै क्षमतामाथि विश्वास गर्ने आधार बनेको बताइन्। उनले भनिन्, "घरमा बसेर गरिने कामलाई आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने अनुभूति भएको छ। महिलाहरु आर्थिक रूपमा सक्षम भए परिवार र समाजमा उनीहरूको भूमिका अझ सशक्त बन्न सक्छ।"

स्थानीयस्तरमा उपलब्ध आँप, कागती, मूला, खुर्सानी, लसुन, अदुवा, टिम्मुरलगायत सामग्री प्रयोग गरेर विभिन्न प्रकारका अचार उत्पादन गर्न सकिन्छ । यसले स्थानीय कृषि उत्पादनको उपयोग बढाउनुका साथै मूल्य अभिवृद्धि गरेर अतिरिक्त आम्दानीको अवसर पनि सृजना गर्छ ।

उद्यमी संघकी अध्यक्ष निर्मला मल्लले महिलाहरूले प्राप्त सीपलाई व्यवहारमा उतार्दै व्यवसायसँग जोड्नुपर्ने बताइन् । घरासयी प्रयोगका लागि बनाइने अचारको व्यावसायिक उत्पादन गरे आम्दानीको स्रोत बन्ने देखिएपछि महिलाहरूलाई तालिम दिइएको उनले बताइन् ।

प्रशिक्षक तुलसी शाहले सहभागीलाई विभिन्न प्रकारका अचार बनाउने विधि, सरसफाइका मापदण्ड, गुणस्तर नियन्त्रण, लेबलिङ तथा प्याकेजिङबारे प्रशिक्षण दिएकी थिइन् । रासस

# सगरमाथाको भविष्यप्रति आरोहीको ..........

बढीले सगरमाथा आरोहण गरेका थिए । हिमालको प्राकृतिक सौन्दर्य र सुरक्षा कायम राख्न सरकार र सरोकारवाला निकायले समयमै ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिएको उहाँको सुझाव छ ।

यति मात्र होइन, दक्ष शेर्पाहरूको विदेश पलायन र आरोही कम्पनीहरूबीचको अस्वस्थ प्रतिस्पर्धाले पनि भविष्यमा आरोहीहरूको संख्यामा प्रभाव पर्नसक्ने सम्भावनालाई उहाँ नकार्न नसकिने बताउनुहुन्छ । अनुभवी र दक्ष शेर्पाहरु राम्रो अवसरको खोजीमा विदेश पलायन हुनेक्रम बढेको छ हाल संखुवासभाको मकालु, सोलुखुम्बु र दोलखाको रोल्वालिङ क्षेत्रका शेर्पा आरोहणमा सक्रिय भए पनि दक्ष जनशक्तिको अभाव खड्किएको उहाँको भनाइ छ ।

विश्वमै साहसी पथप्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरूले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन् । पर्वतारोहणका सिलसिलामा ज्यानसमेत जानसक्ने जोखिमबारे जानकार हुँदाहुँदै पनि उनीहरूले विश्वका विभिन्न मुलुकका पर्वतारोहीले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन्। हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीलाई नेपालमा खासै सम्मान तथा सुविधा नहुँदा उनीहरूको विदेश पलायन हुनेक्रम रोक्नका लागि सरकारले नै नीतिगत रूपमा निर्णय लिएर कीर्तिमानीहरूको सम्मानका लागि अग्रसरता लिनु जरूरी भएको पर्यटनमा कलम चलाउँदै आउनुभएका पत्रकार राजु सिलवाल बताउनुहुन्छ।

यस्तै, हिमाल आरोहण गराउने कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाले गर्दा सेवाको गुणस्तर र सुरक्षामा प्रश्न उठेको छ। पहिले आरोहणका लागि ५० हजार डलरसम्म लाग्ने गरेकामा अहिले प्रतिस्पर्धाका कारण २०–२५ हजार डलरमै टोलीहरु लैजाने गरिएको उहाँ बताउनुहुन्छ। यसले गर्दा अनुभवी शेर्पाको सट्टा कम अनुभवी व्यक्तिहरु परिचालन हुने जोखिम बढेको उहाँको भनाइ छ ।

हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरबारे विभिन्न अनुसन्धान संस्थाले संकलन गरेका हिमनदीको अवस्था, हिउँको मात्रा तथा तापक्रम परिवर्तनसम्बन्धी तथ्याङ्कका आधारमा नेपाल सरकारले पनि अध्ययन र निगरानी बढाउनुपर्ने नेपाल पर्वतारोहण संघका महासचिव राजेन्द्र लामा बताउनुहुन्छ । यस्ता अध्ययनले भविष्यका जोखिम मूल्याङ्कन र नीतिगत योजना बनाउन सहयोग पुग्ने उहाँको भनाइ छ ।

जलवायु परिवर्तनको प्रभाव कम गर्न विश्वव्यापीस्तरमा हरितगृह ग्यास उत्सर्जन घटाउने प्रयाससँगै स्थानीयस्तरमा पनि हिमाली वातावरण संरक्षण, फोहर व्यवस्थापन तथा दिगो पर्यटनलाई प्राथमिकता दिनुपर्ने आवश्यकतामा लामाको जोड छ । सगरमाथामा आरोहण गर्न आउने अधिकांश विदेशी पर्वतारोहीले हिउँको कमीलाई प्रत्यक्ष देखेको अनुभव सुनाउने गरेका छन् । कतिपयले आधार शिविरदेखि माथिल्ला क्याम्पसम्म पुग्ने क्रममा अपेक्षाभन्दा कम हिउँ देखिएको भन्दै कतिपय आरोहीहरूले आफूसँग चासो देखाएको फुर्वा बताउनुहुन्छ । केही स्थानमा दशकअघिको तुलनामा उल्लेखनीय परिवर्तन देखिएको उहाँको आफ्नै अनुभव पनि छ । सगरमाथाको भू–दृश्य नै बदलिँदै जाने गरी आएको परिवर्तनलाई सामान्य रूपमा लिन नहुने उहाँको भनाइ छ ।

सगरमाथालगायत नेपालमा रहेका हिमालमा आउने परिवर्तनले पर्वतारोहीको आगमनमा कमी ल्याउने मात्र होइन, यसले आर्थिक पक्षलाई नराम्ररी प्रभावित गर्दछ । नेपालको महत्वपूर्ण आयस्रोतका रूपमा रहेको हिमालमा पर्यटकमा आउने ह्रासले स्थानीयवासीको रोजीरोटीमा असर पार्नुका साथै मुलुककै अर्थतन्त्रमा समस्या आउनसक्छ । यसैवर्ष नेपालले सगरमाथाबाट रोयल्टीबापत रू एक अर्ब आठ करोड १० लाख ७२५ समेत गरी कुल ३१ हिमालबाट रू रू एक अर्ब २६ करोड ४७ लाख ४१ हजार ३०६ प्राप्त गरेको थियो। यस वर्ष छ हजार ५०० मिटरभन्दा अग्ला हिमालको आरोहणका लागि ७९ देशका एक हजार १९५ आरोहीले अनुमति लिएका थिए ।

**परिवार नै सगरमाथा शिखरमा**

छिरिङ नोर्बु शेर्पा र किमजुङ शेर्पाका छोरा फुर्वा तेञ्जिङका छ दाजुभाइ तथा दुई दिदीबहीनीले सगरमाथाको आरोहण गरेर 'गिनिज वर्ल्ड रेकर्ड' बनाउनुभएको छ । तेञ्जिङका जेठो दाजु पेम्बा ग्याल्जेन शेर्पा, माहिलो दाजु फुर्वा थुन्डु शेर्पा, साइँलो दाजु पेम्बा दोर्जी शेर्पा, काइँलो दाजु निमा ग्याल्जेन शेर्पा, कान्छो भाई फुर्वा खिले शेर्पा, दिदी दावा दिकी शेर्पा र बहिनी निमा ल्हामु शेर्पाले सगरमाथाको सफल आरोहण गरिसक्नुभएको छ । एउटै सिजनमा उहाँका परिवारका चार सदस्यले सगरमाथा आरोहण गरेर अर्को विश्व रेकर्डसमेत बनाउनुभएको छ । हिमाल आरोहणकै क्रममा उहाँको माइलो दाजु फुर्वा थुन्डु शेर्पाको मृत्यु भयो ।

सन् २००७ देखि अनवरत रूपमा हिमाल चढ्दै आउनुभएका फुर्वा तेञ्जिङले सन् २००८ र सन् २०१७ मा वर्षको दुईपटक सगरमाथा आरोहण गर्नुभएको छ। आरोहणसँगै फुर्वाले सामाजिक क्षेत्रमा पनि सक्रिय योगदान पुऱ्याउँदै आउनुभएको छ। गोरखा भूकम्पपछि उहाँकै नेतृत्वमा सञ्चालित 'वी विल राइज फाउन्डेसन'ले नेपालको पर्यटन प्रवर्द्धनमा पुऱ्याएको योगदान महत्वपूर्ण छ । सन् २०१५ को भूकम्पपछि स्थापना भएको यस फाउन्डेसनले 'मेरो गाउँ, मेरो ठाउँ' भिडियो प्रतियोगितामार्फत स्थानीय पर्यटनलाई उजागर गर्दै आएको छ । साथै हङ्कङ र बेलायतमा 'हाइक फर नेपाल'जस्ता कार्यक्रम आयोजना गरी विश्वभर नेपालको पर्यटनको सन्देश फैलाएको छ । रासस

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

**कतिकतिबेला सरकार एकदमैं काँचो र बच्चाको खेलजस्तो लाग्छ !**

तर, जब यिनका कुरा सुन्छु, अलिकति ढुक्क र सन्तोषको अनुभव हुन्छ ! भावना र उत्तेजनाको गमलामा विवेकको माटो पनि छ भन्ने विश्वास जागृत हुन्छ । राजा नै नहुँदा पनि राज्य चल्छ भने एउटा मन्त्री त के कुरा भयो र, तर स्वर्णिमबिनाको यो मन्त्रिमण्डल पक्कै यसभन्दा कमजोर र सतही हुनेछ ।

दलीय राजनीति गरेपछि नचाहेका र नसुहाउने धेरै कुरा पनि गर्न पर्ने रहेछन् । हिजो राम्रो ठानेका र भनेका कुरालाई पनि 'यूटर्न' गरेर आज नराम्रो भन्नपर्ने हुँदो रहेछ ! आफ्नो विद्वत्ता, स्वभाव, अनुभव, विज्ञता र शिष्टताका पर्खाल नाघेर सस्तो व्यङ्ग्य, विरोध र मैलो राजनीतिसमेत गर्नुपर्ने हुँदो रहेछ ! यस विषयमा स्वर्णिम वाग्ले अलग या चोखो देखिन नसकेको सत्य हो । खासगरी संसदमा उभिएर सांसदहरूलाई 'आफ्नै भाषा र एजेन्डा राख्न त अर्को चुनाब जितेर आउनुपर्ला' भन्ने क्षुद्र र अराजनैतिक टिप्पणीले मेरो उनीप्रतिको निःशर्त आदर अलिकति हल्लाएको सत्य हो ! सबै सांसद जितेर आएका हुन् र त्यहाँ हुने छलफल, बहस, भाषा र विमर्श अर्थहीन पक्कै होइन । नत्र त विश्वभर सत्तापक्षले मात्रै बोल्ने व्यवस्था हुन्थ्यो होला । अझ उनी त प्रधानमन्त्रीकै तर्फबाट 'बोल्न'का लागि छानिएका व्यक्ति पनि हुन् । भाउ नै नदिएको जस्तो देखिनु अलग भयो तर कम्तिमा बालेनले विपक्षीप्रति यसअघिकाले गर्नेजस्तो अभद्र, अराजनैतिक र निम्न स्तरको टिप्पणी गरेका छैनन् । अस्ति संसदमा पनि कसैको असम्मान गर्ने प्रयास थिएन । चुनाब जितेपछि रवि लामिछानेको बोली पनि राजनेताको जस्तो सन्तुलित छ ।

अब पाँच वर्ष स्वर्णिमजीको विकल्प छैन । उहाँमा अलि बढी नम्रता, सहजता र मिठासपूर्ण व्यवहारको अपेक्षा मजस्ता केही भुइँमान्छेलाई छ । हुन त अपेक्षा गर्ने हामी को हौँ र भन्ने पनि केहीलाई लाग्ला ।

यो बजेटमा सानातिना कमजोरी भएको उहाँले स्वीकार पनि गर्नुभएको देखियो । हतारमा ल्याएकोले यस्तो भएको उहाँको डिफेन्स रहेछ । चुनाबअघि नै बजेट लेख्ने म्यान्डेट थियो, केको हतार भन्ने पनि लाग्ला तर बजेट भनेको एक्लै लेख्ने उपन्यास होइन । नयाँ सरकार छ, नयाँ मन्त्री छन् । नयाँ अपेक्षा छन् । समन्वय र समय दुबै कम भएको हुनसक्छ । तर जुन स्तरको उहाँको व्यक्तित्व, योग्यता र दक्षता छ त्यस स्तरको व्यवहार बजेट निर्माण र त्यसपछिका घटनाक्रममा नदेखिएको अनुभव धेरैलाई भएको होला । शंका र कन्स्पिरेसीका लागि ठाउँ छोड्ने काम उहाँबाटै हुनु कमजोरी नै हो !

तर, एउटा गाडी विक्रेतालाई महिनौं अघि बोलाएर, करको सूचना चुहाएर, दुई अरब झ्वाम पारेको भन्ने स्टोरी मजस्ता धेरैले पत्याएका छैनन् । मन्त्रीको सैद्धान्तिक रूझान, सम्भावित पोलिसी र अन्तर्राष्ट्रिय घटनाक्रमको अनुमान गरेर व्यापारीहरूले स्मार्ट चाल चल्ने अभ्यास विश्वभर हुन्छ । कति देशमा त अलि ठूलो करको दर परिवर्तनअघि व्यापारीलाई राखेर छलफल र मतसर्वेक्षण समेत गरिन्छ । समय समेत दिइन्छ । डोनाल्ड ट्रम्पले दुई–तीन महिनाको समय दिएर ट्यारिफ (भन्सार) बढाउने, घटाउने काम गर्दै आएका छन् । भन्सार दर घटाउन देशहरूबीच वार्ता हुन्छ र त्यस्तो वार्ताको मिति महिनौं अगाडि तय हुन्छ । व्यापारी पनि राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण साझेदार हुन् । तिनलाई झुक्याउन सक्नुलाई सफलता मान्ने आशय सरकार र विपक्षी दुबैको देखिनु अलि नमज्जा लाग्ने खालको छ ! तिनले तत्काल कायम ऐन, कानुन र भन्सार दरको पालना गर्दै सकेसम्म मुनाफा कमाउने कोसिस गर्ने हुन् । भन्सार नै नतिरी ल्याउने होइनन् ।

सरकारी पक्षले नै भन्सार कमर्चारीलाई कारवाही गरेर, गाडीहरु नाकामा रोकेर, व्यापारीहरूलाई विवादित बनाएर यो विषयलाई शंकास्पद बनाउन मद्दत गरेको हो । यस्तै प्रकरणमा यसअघि विपक्षमा हुँदा भ्रष्टाचार भएकै हो भनेर किटान गरेकाले पनि अहिले अर्को पक्षले रिस फेरेको हुन सक्छ ।

सरकारमा आवेग देखिन्छ, केटाकेटीपन पनि देखिन्छ, अलिकति प्रतिशोध र सेलेक्टिभ जस्टिसको समस्या पनि देखिन्छ, थोरै विवेकको अभाव पनि छ तर भ्रष्टाचारविरूद्ध सरकारको कठोर प्रतिबद्धता पनि स्पष्ट देखिन्छ । बालेनमा दश अवगुण होलान् तर आर्थिक चलखेल या भ्रष्टाचारप्रतिको उनको कनभिक्सनलाई विश्वास गर्न सकिन्छ ।

नयाँ हुन् त्यसैले चलखेल गर्दैनन् भन्ने हुँदैन, विश्वभर जहाँ पुगे पनि बिक्ने डिग्री छ त्यसैले चलखेल गर्दैनन् भन्ने पनि हुँदैन । तर जुन माहोल, जुन दाबी र प्रतिबद्धताका साथ यो सरकार आएको छ त्यसबाट कम्तिमा यस्तो चलखेल हुन्छ भन्ने सोच्न सकिन्न । भोलि के होला भन्न सकिन्न तर कर्मचारीदेखि व्यापारीसम्म यतिबेला निकै सतर्क र सभय देखिन्छन् । कमिशनको प्रस्ताव बोकेर सरकारसम्म पहुँच बनाउने माहोल यतिबेला देखिन्न ।

स्वर्णिम वाग्ले यो सरकारका मेरूदण्ड हुन् । सरकार फाल्न सकिन्न। मेरूदण्ड फालियो भने झन् बोझिलो सरकार बेहोर्नुपर्ने हुन्छ ! अलिकति बुझेका र अन्तर्राष्ट्रिय मञ्चमा टेबलटक गर्न सक्ने, तथ्यसहित राष्ट्रिय स्वार्थको रक्षा गर्न सक्ने उनै छन् । उनैमाथि निरन्तर आक्रमण गर्दा झन् कमसल सरकार बेहोर्नुपर्नेतिर सबैले ध्यान दिनु आवश्यक छ !

स्वर्णिमजीमा भविष्यको प्रधानमन्त्रीको बिउ देखिन्छ । त्यसलाई जोगाउने काम पनि उहाँकै हो । थोरै सहनशीलता, सुन्ने धैर्य, संवाद, शीतलता र शालीनतालाई जोगाउँदै अघि बढे हुन्थ्यो भन्ने आशा छ । चर्को राजनीति गर्न त सदनभरि नमुनाहरु छँदै छन् !

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४